म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २४९ | सोमबार, ८ बैशाख २०८२ | ने. सं. ११४५ चौलागा | 21 April 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## उपमहानगरले सधैं प्रेस स्वतन्त्रताको सम्मान गर्छः नगरप्रमुख लामा

हेटौंडा, ७ बैशाख/हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले प्रेस स्वतन्त्रताको सम्मानमा आफू प्रतिबद्ध रहेको बताएकी छिन् । सामाजिक सञ्जालमाफत् स्पष्टीकरण दिदै नगरप्रमुख लामाले उपमहानगरपालिका सधैं प्रेस स्वतन्त्रताको सम्मान गर्दै अघि बढ्ने बताइन् । नगरप्रमुख हुनुको नाताले आफू प्रेस स्वतन्त्रता र सञ्चारकर्मीप्रतिको आदरभावमा अटल रहेको नगरप्रमुख लामाद्वारा जारी धारणामा जनाइएको छ । केही दिनअघि सञ्चारमाध्यमबाट आफूले दिएको अभिव्यक्ति प्रेस जगतलाई चोट पुऱ्याउने मनसायले नभई परिस्थितिजन्य घटनाका रुपमा बुझिदिनुहुन उनले सञ्चारकर्मीहरुमा अनुरोध समेत गरेकी छन् । आगामी दिनमा पनि प्रेस र उपमहानगरपालिकाबीचको सम्बन्ध विगत झैं प्रगाढ रहिरहने उनको विश्वास रहेको छ । आइतबार बिहान भएको पत्रकार महासंघका पदाधिकारीसँगको भेटमा पनि नगरप्रमुख लामाले आफूले प्रेसजगत प्रति कहिल्यै दुर्भावना नराखेको बताइन् ।

# उत्कृष्ट योजना छनोटमा स्थानीय सरकारलाई जिससको सहजीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जुट्न थालेका स्थानीय सरकारलाई उत्कृष्ट योजना छनोट, आर्थिकस्रोत वृद्धि र व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर जिल्ला समन्वय समिति मकवानपुरले सहजीकरण गरेको छ ।

मकवानपुरको पर्यटकीय स्थल चित्लाङमा आयोजना गरिएको प्रदेश तथा स्थानीय तहको योजना छनोटसम्वन्धी कार्यक्रमको आयोजना गरेर जिससले स्थानीय सरकारका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतलाई योजना छनोट र आर्थिक व्यवस्थापनका विषयमा अर्न्तक्रिया गरेको हो । कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव तथा प्रशासनविद् डा. दामोदर रेग्मीले स्थानीय सरकारले योजना छनोट कसरी गर्ने ?, आर्थिक स्रोतको वृद्धि कसरी गर्ने ? आर्थिक स्रोतलाई कसरी परिचालन गर्ने भन्ने विषयमा प्रस्तुती गरेको थिए ।

उनले अहिले स्थानीय सरकारको योजना छनोट र बजेट निर्माण प्रक्रिया नै गलत रहेकाले सुधार्नुपर्नेमा जोड दिए । उनले योजनाको बैंक बनाएरमात्र बजेट परिचालन गर्नुपर्ने बताए । अहिले हचुवाको भरमा योजना छनोट र बजेट निर्माण भइरहेको बताएका छन् । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानले बागमती प्रदेश सरकारले योजना बैंक बनाएर काम गर्ने अभ्यासको सुरुवात गरेको उल्लेख गर्दै स्थानीय सरकारले पनि योजना बैंक बनाएर र पञ्चवर्षीय रणनीति निर्माण गरेर काम गर्नुपर्ने बताइन् ।

उनले स्रोत व्यवस्थापन गरेर आवश्यकताका आधारमा



योजनाको छनोट हुनुपर्ने उल्लेख गरिन् । यस्तै प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले तीन तहको सरकारबीच योजना छनोटमा सहकार्य नहुँदा एउटै योजनामा तीनै तहले आआफ्नै हिसाबबाट काम गर्ने परिपाटी रहेको बताएका छन् ।

स्थानीय तहबाट योजना छनोट सहीरुपमा गर्ने र स्थानीय तहबाट असम्भव योजना प्रदेश तथा संघमा पठाउने योजनामा वर्गीकरण नभएसम्म समस्या समाधान नहुने उनले उल्लेख गरे । पूर्वमन्त्री श्रेष्ठले स्थानीय सरकारले आर्थिक स्रोतको पहिचान गर्दै वृद्धि गरेर अनुदानमा मात्र निर्भर हुने अहिलेको अवस्थाको अन्त्य गर्नुपर्ने बताए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले योजना छनोटमा स्थानीय तह र प्रदेश बीच रहेको अन्यौलतालाई हटाउन कार्यक्रमको आयोजना गरिएको बताए । उनले आगामी आर्थिक वर्षको योजना छनोटमा जुट्न लागेका स्थानीय तहहरुले अहिलेसम्म गरेका अभ्यास, परेका कठिनाई र समाधानका उपायहरु खोज्न कार्यक्रमले सहजीकरण गर्ने जनकारी दिए । प्रमुख घलानले योजनालाई दिगो, उपयोगी बनाउन जिसस मकवानपुरले स्थानीय तहसँग सधै सहकार्य गर्ने बताए ।

कार्यक्रममा जिल्लाका स्थानीय सरकारका प्रमुख तथा प्रशासकीय अधिकृतले योजना छनोट र बजेट निर्माण तथा कार्यान्वयनका पाटोमा परेका समस्या राखेको थिए । उनीहरुले प्रदेश तथा संघ सरकारसँगको सहकार्य तथा अनुदानमा भोगेका समस्याका बारेमा पनि छलफल भएको थियो । जिसस प्रमुख घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा जिससका उपप्रमुख सानुकाजी लुईंटेलले स्वागत मन्तव्य र जिल्ला समन्वय अधिकारी शान्ति विकले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा जिससका सदस्य, जिल्लाका १० वटै पालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखाका अधिकृतहरुको सहभागीता रहेको थियो ।

संघ, प्रदेश र स्थानीय तहले तोकिएको समयभित्र नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था छ । यसअनुसार, संघीय सरकारले १५ जेठमा, प्रदेश सरकारले १ असार र स्थानीय सरकारले असार मसान्तभित्र बजेट ल्याइसक्नुपर्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको बजेट सम्बन्धित नगर तथा गाउँसभामा १० असारभित्र पेश गर्नुपर्ने व्यवस्था गरेको छ । मकवानपुरका १० पालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सरकारमार्फत १ अर्ब २३ करोड २२ लाख रुपैयाँ राजश्व बाँडफाँडबाट अनुदान पाउने भएका हुन् ।

चैत्र १८ गते बसेको मन्त्रिपरिषद् बैठकले २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँडको विस्तृत आधार र ढाँचा स्वीकृत गरेको हो । बागमती प्रदेश सरकारले पनि समपुरक अनुदानको लागि स्थानीय सरकारलाई ७ वर्गमा वर्गीकरण गरेको छ । प्रदेश सरकारले जारी गरेको प्रदेश समपुरक अनुदानसम्बन्धी कार्यविधि २०८१ मा स्थानीय सरकारलाई वर्गीकरण गरेको हो । पालिकालाई ७ वर्गमा वर्गीकरण गरी त्यसैको आधारमा २० देखि ८० प्रतिशतसम्म प्रदेशबाट समपुरक अनुदान वितरण गरिने आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

वर्गीकरण अनुसार मकवानपुरको १० स्थानीय तहमध्ये ५ वटा पालिकाको समपुरक बजेट बढ्ने, ३ वटा पालिकाको घट्ने र २ वटा पालिकाको साविककै रहने उल्लेख गरेको छ ।

# चट्याङ लागेर मकवानपुरमा हालसम्म ६ जना घाइते, १ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ मकवानपुरमा चालु आवको ९ महिनाअवधिमा चट्याङ लागेर ६ जना घाइते हुँदा १ जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार साउन महिनादेखि हालसम्म चट्याङ लागेर ६ जना घाइते र एक जनाको मृत्यु भएको छ ।

अघिल्लो आर्थिक वर्षमा चट्याङकै कारण १ जनाको मृत्यु भएको थियो भने ५ जना घाइते भएका थिए । जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरका सूचना अधिकारी राजेन्द्रप्रसाद कँडेलका अनुसार नेपालमा धेरै चट्याङ पर्ने जिल्लामा मकवानपुर रहेको देखिएको छ । मकवानपुरमा प्राकृतिक प्रकोप चट्याङबाट सबैभन्दा धेरै मानवीय क्षति भएको देखिएको उनले बताए । दोस्रोमा भूकम्प र तेस्रोमा बाढी पहिरो रहेको पाइएको छ । विगत २४ वर्ष यता मकवानपुरमा विपद्मा परेर १ सय १६ जनाको मृत्यु भएको छ भने ८ सय ५० जना बेपत्ता तथा घाइते भएको पाइएको छ ।

चट्याङ पूर्वानुमान गर्न नसकिने विपद्को सूचीमा रहेको सूचना अधिकारी कँडेलले बताए । चट्याङ कहाँ कतिबेला पर्न सक्छ ? भन्ने पूर्वानुमान नहुँदा यसको रोकथाममा समस्या रहेको छ । 'हामीले नागरिकलाई वर्षायाम सुरु भएपछि सचेतनामूलक सामग्री प्रशारण गरेर सचेत बनाउने प्रयत्न गरेका हुन्छौं । त्यो बाहेक यसको रोकथाममा अन्य विकल्प छैन' उनले भने ।

सूचनाअधिकारी कँडेलका अनुसार मकवानपुरको पूर्वपश्चिम लोकमार्गअन्तरगत मनहरी गाउँपालिका-७ मनहरी बजार, सुनाचुरी र लोथर चट्याङको उच्चजोखिममा रहेको छ । त्यस्तै पूर्वपश्चिम लोकमार्ग हेटौंडा-२, हेटौंडा-१५ चुरियामाई र हेटौंडा-१९ नेवारपानी चट्याङको जोमिममा रहेको छ । कान्तिलोकपथ सडकखण्ड अन्तरगत बकैया गाउँपालिका -११ ठिंगन, त्रिभुवन राजपथ सडकखण्ड अन्तरगत थाहा नगरपालिका-६ दामन, सिस्नेरी सडकखण्ड अन्तरगत इन्द्रसरोवर गाउँपालिकाको ३, ४ र फाखेल सडकखण्ड उच्चजोखिममा रहेको छ ।

त्रिभुवन राजपथ सडकखण्ड अन्तरगत भीमफेदी गाउँपालिका-१ भैंसे पनि चट्याङको उच्चजोखिममा रहेको पाइएको छ । चट्याङ न्यूनीकरणका लागि ठूला योजना निर्माण नभएतापनि चट्याङबाट प्रभावित पर्न सक्ने भौतिक संरचनाको समयमै व्यवस्थापन, पूर्वाधार निर्माणमा पूर्वयोजना, सचेतनामूलक सामग्री प्रसारणलगायतका कार्य जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने गरेको सूचना अधिकारी कँडेलले बताए ।

विकासका दृष्टिकोणले सहरी क्षेत्रमा अर्थिङ जडान हुने हुँदा त्यहाँ चट्याङको जोखिम न्युन हुने र ग्रामीण क्षेत्रमा अर्थिङ जडान बिरलै हुने हुँदा ग्रामीणक्षेत्रमा चट्याङको जोखिम उच्च रहने बताइन्छ । जसको प्रत्यक्ष प्रभाव ग्रामीणभेगका बासिन्दा, किसान, ज्यालामजदुरी गर्ने मजदुरी गर्ने ब्यक्ति र खुल्ला छोडिएका पशुचौपायामा पर्ने गरेको छ ।

मकवानपुरमा सन् २००० देखि सन् २०२४ सम्ममा चट्याङका १ सय १६ घटना भएका छन् । घटनामा ३६ जनाको ज्यान गएको छ भने ३ सय ८१ जना घाइते भएका छन् । चट्याङबाट बितेको २४ वर्षमा १ सय ७९ घर परिवार प्रभावित भएको छ । ५ घर पूर्णरुपमा क्षति भएको छ भने ३१ चौपायाको मृत्यु भएको छ । यो बीचमा २१ लाख ५९ हजार रुपैयाँ बराबरको आर्थिक क्षति व्यहोर्नु परेको छ ।

## पिताम्बरको टोली हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/गत चैत्र २९ गतेदेखि प्रदर्शनमा आएको नेपाली कथानक चलचित्र 'पिताम्बर'को टिम प्रचारप्रसारका लागि हेटौंडा आएको छ ।


निर्माता, निर्देशक, प्रमुख कलाकार सहितको टिम हेटौंडा आएको हो । कलाकार प्रदीप खड्का, अनुपविक्रम शाही, निर्माता विशाल चौलागाईंलगायतका टोली हेटौंडा आएका हुन् । चलचित्र पत्रकार संघ मकवानपुरद्धारा आयोजित पत्रकार भेटघाटमा बोल्दै निर्माण टिमले चलचित्र हेर्न आमदर्शकसमक्ष आग्रह गरेका थिए । चलचित्रकी निर्देशक कृषा चौलागाईंले फिल्मले दर्शकलाई रिफ्रेस हुने अवसर दिने दाबी गरिन् ।

चलचित्रको मुख्य उद्देश्य मनोरन्जन भएको उल्लेख गर्दै निर्देशक चौलागाईले पिताम्बर दर्शकलाई भर पुर मनोरन्जन दिने चलचित्रको रुपमा आफूले ल्याएको बताइन् । टोलीले चलचित्रको कथावस्तु र यसको पक्षहरुबारेमा जानकारी गराएका थिए । चलचित्र पत्रकार संघ मकवानपुरका अध्यक्ष कपिल खड्काको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले चलचित्रको सफलताको शुभकामना दिएका थिए । फिल्ममा प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, लगायतको अभिनय छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# संघीय कानून र प्रदेश सरकार

बागमती प्रदेश सरकार बजेट अधिवेशन बोलाउने तयारीमा छ । प्रतिपक्षी दल बजेट अधिबेशन रोक्ने पक्षमा छन् । शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले वैशाखको १५ गतेदेखि बजेट अधिवेशन बोलाउने तयारीमा सरकार रहेको जानकारी दिएका छन् । हिउँदे अधिवेशनमा विषयगत समितिबाट प्रतिवेदनसहित पारित भएर होल्ड भएका ४ वटा विधेयक्लाई बजेट अधिवेशनमा प्रदेशसभाबाट पारित गरिने तयारीमा सत्तापक्ष लागेको छ । विधेयक अधिवेशनको रुपमा लिइने हिउँदे अधिवेशन प्रतिपक्षी दलहरुको कारण प्रभावकारी हुन सकेको थिएन । विपक्षी दलहरुले संसद् बैठकलाई चल्न नदिँदा विधेयकहरु अलपत्र परेको हो । विगतमा जसले बजेट बनाए, उनीहरुले बजेट परेन, हाम्रो बजेट पुगेन भनेर संसद चल्न दिएनन् । विपक्षीले अनावश्यक माग गरेकै कारण सरकारले हिउँदे अधिवेशन पनि समयअगावै अन्त्य गरेको सत्तापक्षको दाबी छ । अबको प्रदेशसभा बैठकमा बजेटका सिद्धान्त र प्राथमिकता लगायत नीति तथा कार्यक्रम माथि छलफल गरिने बताइए पनि त्यस्तो हुने सम्भावना देखिंदैन ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलसँग पनि सरकारले बजेट र नीति कार्यक्रमको लागि सल्लाह, सुझाव माग्ने काम भइरहेको छ । प्रदेश सरकारको राजश्व पनि घटिरहेकोले अघिल्लो वर्षको भन्दा यर्थाथपरक बजेट ल्याउने सम्भावना छ । अहिलेको आवश्यकता हेरेर सरकारले बजेट बनाउने बताइएको छ । यद्यपि प्रदेश सरकारको ध्यान अहिले नीति तथा कार्यक्रममा केन्द्रित छ । प्रदेश सरकार शान्ति सुव्यवस्था कायम गर्ने र अपराध नियन्त्रण गर्ने कुरामा भूमिकाबिहीन छ । संघ सरकारले आवश्यक कानून नबनाइदिँदा प्रदेश सरकारको भूमिका शुन्य देखिएको र संघीय कानूनहरु नबन्दा अहिले प्रदेश सरकारले पर्फमेन्स शुन्य देखिएको सत्ताधारीको धारणा छ । नागरिकको नजरमा पनि प्रदेश सरकारको आवश्यकता नरहेको भन्ने भ्रम पैदा भएको दाबीमा कति सत्यता छ त्यो हिसाव जनताले नै खोज्नुपर्छ । संघ सरकारले छिटो भन्दा छिटो संघीय कानून बनाएर प्रदेश सरकारलाई अधिकार हस्तान्तरण गर्नुपर्ने र प्रदेश सरकार गठन भएको ७ वर्ष भइसक्दा पनि संघीय निजामति, संघीय प्रहरी ऐन र शिक्षा ऐन लगायतका विषयहरु संघीय कानून नभएको कारणले प्रदेश सरकार 'बुख्याँचा' जस्तो भएको मन्त्री लामिछानेले टिप्पणी गरेका छन् । 'समयसापेक्ष कानून नहुँदा प्रदेश सरकारलाई काम गर्न धेरै कठिनाइ भइरहेको र प्रदेश सरकारले आफैंले कानुनहरु बनाएर कार्यान्वयन गर्न सक्ने अवस्था नरहेको बताइएको छ । गठबन्धनको कारण नभई संघीय सरकारको मानसिकताको कारण काम गर्न असहज भएको भनाई छ । संघ सरकारमा केन्द्रिकृत मानसिकता हाबी हुँदा प्रदेशको औचित्यमाथि नै प्रश्न उठिरहेको मन्त्री लामिछानले बताएका छन् ।

विगतमा संघ र स्थानीय सरकार पनि रहेको र प्रदेश सरकार नयाँ भएकोले अभ्यासकै क्रममा रहेको थियो । जनताले माग गरेअनुसारको डेलिभरी दिनको लागि पनि संघ सरकारले कानुनहरु बनाउनुपर्ने हो । संघीय कानून १२ सालको छ, समस्या भनेकै संघीय कानून समयानुसार नभएकाले हो । कर्मचारी आएर पनि प्रदेशमा धेरै दिन बस्दैनन् । जनताले प्रदेश सरकारको भूमिका देख्नको लागि संघ सरकारले जतिसक्दो छिटो कानून बनाइदिनुपर्ने माग प्रदेश सरकारको हो । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणको प्रक्रिया सुरु गरिसकेको छ । प्रदेश सरकारले आफ्नो प्राथमिकता योजना स्थानीय तहहरुसँग माग गरेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशका ११९ वटै स्थानीय तहसँग आगामी आवका लागि प्राथमिकताका योजना प्रस्ताव गर्न भनेको हो । प्रदेश समपूरक अनुदान र प्रदेश विशेष अनुदानका लागि बढीमा तीन/तीन वटा आयोजना तथा कार्यक्रम वैशाख २० गतेभित्र मन्त्रालयमा पठाउनुपर्ने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख ९ गते मंगलबार २२ अप्रिल २०२५ । नवमी, बैशाख कृष्णपक्ष । चौलागा ११४५ ने.सं. । सूर्योदय ५:३५, सूर्यास्त ६:३२ । अन्तर्राष्ट्रिय पृथ्वि दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आनन्दको महसुस हुनेछ | तुला | : प्रेममा विवाद आउनसक्नेछ |
| वृष | : मन चञ्चल हुनेछ | वृश्चिक | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| मिथुन | : मान-सम्मान बढ्नेछ | धनु | : हाँसखेलमा दिन जानेछ |
| कर्कट | : धन लाभ हुनेछ | मकर | : मनमा धेरै कुरा खेल्ने छन् |
| सिंह | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | कुम्भ | : रमाइलो यात्राको योग परेको छ |
| कन्या | : नबोली बस्दा राम्रो हुनेछ | मीन | : मन प्रसन्न रहनेछ |

# मुठ्ठीभरलाई स्वर्ग नबनोस् निजामती सेवा



✍ दुर्गा बन्जाडे

निजामती विधेयकमाथि राज्यव्यवस्था समितिमा भइरहेको छलफलको रेकर्डेड लाइभ ल्यापटपमा हेरेर बसिरहेकी थिएँ । त्यत्तिकैमा जिल्लामा काम गरिरहेका एकजना आफन्त आइपुग्नुभयो र काँधमा भिरेको व्याग बिसाउँदै गुनासो गर्नुभयो- 'उपत्यका सरूवाको लागि धेरै दौडधुप गरें । कहाँ जानु, कसलाई भनूँ ? हैरान भइसकें । घरपरिवारलाई त कहिल्यै समय दिन पाइएन । जागिरे जीवनभर घर बाहिरै बित्यो ।'

पसल कहाँ छ ? चामल, तरकारी, ग्यास कता किन्ने हो ? बिजुली र खानेपानीको बिल कसरी तिर्ने हो कहिल्यै थाहा भएन ? दुर्गमबाट दुर्गम कुद्दाकुद्दै अब त अवकाश हुने बेला भयो ?

हतास मनस्थितिमा उहाँको आक्रोश बोलिरहेको थियो 'बच्चाबच्चीको रेखदेख र बुढा आमाबुवाको सेवा उपचार गर्ने पनि पाइएन । केटाकेटीको स्कुलमा हुने अभिभावक दिवसमा समेत कहिलै सहभागी नभएको आरोप केटाकेटीले लगाउँछन् । इष्टमित्र, नातेदारलाई गाह्रोसाह्रो पर्दा र टोल छिमेकमा सरिक हुन सकिएन । असामाजिक भइयो । अब अवकाश भएपछि परिवार र समाजबाट अपजश ब्यहोर्नुपर्ने अवस्थामा अब झन एक्लो भइन्छ होला । हामीले मात्र यस्तो खेप्यौं तर मुठ्ठीभरीलाई त स्वर्ग छ निजामती सेवा ।

गइसकेपछि पनि उहाँका शब्दले धेरैबेर सोचमग्न बनाए, मलाई ।

किन सरूवा बढुवा, अवसर र वृति विकासमा कर्मचारी विचमै न्याय अनुभूति दिन सकेको छैन ? मुठ्ठीभरी भनेको को हो ?

म आफैं पनि मुठ्ठीभित्र पर्छु कि बाहिर ?

जागिरको अवधिमा मैले सहनुपरेका विभेद, अन्याय र संघर्षको लामो सिलसिला छ । कुनैबेला सप्रमाण संस्मरण लेखुँला भनेर प्रत्येक घटना टिपोट र स्मृति त सुरक्षित छन् मसँग । अहिले भने माथि उल्लेखित संवेदनशील प्रश्न र प्रसङ्ग-मुठ्ठीभरीलाई त स्वर्ग छ .....

प्रश्न सान्दर्भिक छ, किन एकखालका कर्मचारीको सुगमबाट सुगम, महत्त्वपूर्ण मन्त्रलयबाट महत्त्वपूर्ण मन्त्रालय, महत्त्वपूर्ण जिम्मेवारीबाट महत्त्वपूर्ण जिम्मेवारीमा सरुवा हुन्छ भने अर्कोथरी कर्मचारी दुर्गमबाट दुर्गम र अनाकर्षक ठाउँबाट अनाकर्षक ठाउँ, जिल्लाबाट जिल्लै, प्रदेशबाट प्रदेशमै मात्रै सरुवा भई रहन्छ ? किन एकथरिले जागिर अवधिभर अवसरै अवसर भोग गर्दै खास, जान्ने र शक्तिकेन्द्रका नजिकका कर्मचारी हुन्छन् भने अर्कोथरि पावर नभएका, जागिर खान नजानेका विचरा हुन्छन् ?

किन एकखालको कर्मचारीलाई तलब सुविधाको ठूलो अर्थ हुँदैन र अर्कोखालको कर्मचारीलाई तलब कहिले आउँला भनेर व्यग्र प्रतिक्षा हुन्छ र उसले तलब सुविधा नबढेको, सेवा अवसरमा विभेद भएको भनेर गुनासो गरि रहन्छ ? 'सिस्टम बसेन' भनेर चित्त दुखाइरहन्छ । पद्धति र कानुनको प्रभावकारी कार्यान्वयनले अधिकांशलाई न्याय हुन्छ तर मुठ्ठीभरीका लागि भद्रगोलकै अवस्था फाइदाजनक हुने रहेछ । विश्लेषण गर्दै जाँदा केही त्यस्ता कारण छन् जसलाई प्रचारको लागि मात्र प्रयोग गरियो सम्बोधन गरिएन । सरुवा, बढुवा, अवसर र आरक्षणमा निश्चित कर्मचारीले अत्यधिक लाभ लिइरहेका छन् भन्दा अत्युक्ति नहोला । कसरी मुठ्ठीभरिका लागि सरकारी सेवामा स्वर्गको निर्माण हुँदैजान्छ त्यसको सामान्य चर्चा गर्दा कर्मचारीतन्त्रका केही आयामहरूको विश्लेषण आवश्यक देखिन्छ ।

### पदस्थापन, सरुवा र वृतिविकास

योग्यताक्रमको आधारमा अगाडि सिफारिस भएकोले जान चाहदा नपाउने स्थानमा सूचीमा पछिल्लो स्थान रहेकोले त्यो अवसर पाउँछ । एउटै लटमा सिफारिस भएका कर्मचारी कोही मुना मदनको 'मदन' भोट हिँडेजस्तै घर परिवार सब त्यागेर हिँड्नुपर्छ भने अर्को कर्मचारी जागिर केन्द्रबाट सुरु भएर अवकाश समेत केन्द्रबाट हुने अवस्थाको सुरुवात हुन्छ । रिजल्ट चाहिन्छ तत्कालै–तर काम चाहिँ एकजनाको काँधमा असीमित । प्रक्रियामा सानो त्रुटी भयो भने मुद्दा, मामिला र तारिख धाउने जोखिम उसैले बेहोर्नुपर्छ । दुर्गम र विषम परिस्थितिमा खटिनेले राज्यको प्रणाली चलाइराख्ने जिम्मा लिन्छ, तर उसलाई न वृतिविकास सोच्न पाउँछ, न क्षमता विकासतर्फ फर्किन फुर्सद हुन्छ । उता, सुरुदेखि नै केन्द्रमै बस्नेले स्रोत, साधन, जिम्मेवारीमा सहज पहुँच पाउँछ । स्वदेश-विदेशका तालिम, गोष्ठी र अध्ययन भ्रमणमार्फत अवसरहरूको रसास्वादन गर्छ ।

यहाँ कसले कति काम गर्‍यो,कति जोखिम लिएर रास्ट्रसेवामा खट्यो भन्दा, को कति छिटो माथिल्लो पदमा पुग्यो त्यसमा कर्मचारीको क्षमता नापिन्छ । न जिल्लाको अनुभव छ, न नागरिकका समस्यासंग साक्षात्कार/महसुस गर्न सकेको छ, न त आम कर्मचारीको अवस्था बुझेको हुन्छ– तर केन्द्रमा बस्ने, गुट र संगठनभित्र पसेकोले भने सधैं पदोन्नतिको सम्भावना बढी पाउँछ । अवसर पनि शक्ति वरिपरि बस्नेलाई तालिम, गोष्ठी, अध्ययन भ्रमण त मिल्छ नै, नीति निर्माणको ड्राफ्ट लेख्ने र विश्लेषण गर्ने जस्तो संवेदनशील जिम्मेवारी पनि उसैले पाउँछ । यसरी विस्तारै एउटा चक्र बन्छ–जहाँ पदस्थापनकै चरणबाट एकथरी कर्मचारी सधैं मुठ्ठीभित्र रहन्छन्, र अर्काथरी बाहिर पर्न अभिशप्त हुन्छ । एउटै विज्ञापन नम्बर, उही प्रश्नहरूको उत्तर दिएर आएका कर्मचारीहरू हुन् । तर एकथरीलाई संरक्षण, समर्थन र अवसरले भरपुर निखार्दै लगिन्छ । र 'जान्ने', 'विज्ञ' वा 'क्याडर'को रुपमा निर्माण गरिन्छ । तर सेवा प्रवाहको जिम्मा लिने कर्मचारीचाहिँ सीमित स्रोत, असिमित अपेक्षा र दबाबको चक्रमा पेलिन्छ । सरुवा कहिले होला, अवसर कहिले आउला भनेर बाटो हेर्दै बस्छ– तर मुठ्ठीभरकालाई अवसरको लागि कहिल्यै लाइनमा बस्नुपर्दैन ।

भोजपुर जिल्ला अन्तर्गतको साविक धोद्लेखानी गाविसका २९ वर्षीय गोपाल चिमरियाले अत्यधिक कार्यबोझ र परिवारलाई समय दिन नपाएको मानसिक तनावका कारण २०७२ सालको असारमा अन्य गाविसमा सरुवा गर्न अनुरोध गरेका थिए । तर सरुवा हुन सकेन । अत्यधिक कार्यबोझ र परिवारलाई समय दिन नपाउँदा आफैलाई सम्हाल्न नसकेर, उनले अन्ततः कार्यालयमै झुन्डिएर आत्महत्या गरे । सुसाइड नोटमा सामाजिक सुरक्षा र विकासका योजना अगाडी बढाउन सहज वातावरण नभएको थियो । कार्यस्थलको दबाब र पीडाले आज पनि स्थानीय तह लगायतका क्षेत्रमा कार्यरत तमाम कर्मचारी मानसिक तनावमा छन् । कर्मचारीले जीवन नै वलिदान दिएको घटना भएको एक दशकसम्म पनि यहाँ दबाब र प्रभाववबाट सृजित समस्या सम्वोधनमा समन्वय गर्ने कुनै संयन्त्र छैन ।

सरुवा-एक शब्द, तर भित्र थुप्रै पीडा समेटिएको छ । परिवारसँगको बिछोड, एक्लोपनाको घाउ, सामाजिक सम्बन्धबाट टाढिएको अनुभूति, वृत्तिविकासका बाटो बन्द, र थिचोमिचोले स्वास्थ्यसम्म चुँडिन थाल्छ । पटकपटक 'स्वचालित बनाउँछौं', 'न्यायसंगत बनाउँछौं' भनिन्छ । तर यथार्थमा, सरूवा आज पनि राजनीति गर्ने, शक्तिकेन्द्र धाउने र पहुँचवालाको सजिलो खेलौना बनेको छ । बाँकीलाई चाहिँ टाढाबाट हेर्नुपरेको आकाशको फल सावीत भएको छ । केही मन्त्रालयअन्तर्गत विदेशमा बसेर काम गर्न पाइने पदहरू सधैं आकर्षणको केन्द्र रहन्छन्-उच्च आर्थिक सुविधा, सन्तानको शिक्षा, र विभिन्न अवसरले भरिपूर्ण । तर ती अवसरहरू प्रायः केन्द्रमै बसेर पहुँच र सम्बन्ध निर्माण गर्न सक्ने कर्मचारीकै पोल्टामा पर्छन् । विदेशी नियोग वा दूतावासमा जाने अवसर, फर्केपछि महत्त्वपूर्ण मन्त्रालय वा विभागको जिम्मेवारी–सबै चक्र उही पहुँचभित्र सीमित रहन्छ । पदस्थापन र सरुवामा देखिने भेदभावजस्तै, वृत्तिविकासमा पनि समानता छैन । कुनै समूहमा पाँच-सात वर्षमै बढुवा हुन्छ, त कुनै समूहमा पन्ध्र-बीस वर्षसम्म एउटै पदमा खुम्चिएर बस्नुपर्ने विवशता छ ।

### पेशागत निष्ठा र जीवनयापनको स्रोत

महँगी वर्षैपिच्छे आकासिन्छ, तर तलब उस्तै । सामान्य कर्मचारीका लागि छाक टार्न, सन्तान पढाउन र बिरामी हुँदा भगवान भरोसा भन्नु पर्ने छ । निजामती सेवाको तलब आफ्नै देशका बैंक, बीमा र संस्थानको तुलनामा पनि निकै कम छ । पूर्वसचिव शंकर प्रसाद अधिकारी एक आलेखमा, 'नेपालभन्दा दोब्बर मात्र बढी प्रतिव्यक्ति आय भएको भारतमा, शाखा अधिकृतले अढाइ गुणा र उच्च तहका कर्मचारीले छ गुणा बढी तलब पाउँछन् । त्यसमाथि आवास, भत्ता, सुविधा, गन्नै नसकिने गरी बढी छ ।

यहाँ भने, न्युनतम तलबमा जीवन धान्ने संघर्ष, जिम्मेवारीको चाङ, र व्यवस्थापनको सकसले नै निराशाको सागर बनिदिन्छ । सेवा भित्र अवस्था यति विकराल छ कि निजामती सेवाको सर्वोच्च पदमा पुगेका मुख्य सचिवसमेत जागिर त्यागेर एशियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशक बन्न रोज्छन् ।यो सेवाभित्रको गहिरो असन्तोष र आर्थिक असुरक्षाको प्रतिविम्ब हो । निजी क्षेत्रले अभ्यास गरेका आवास, सवारी र मर्मतजस्ता सुविधाहरू निजामती सेवामा बहसकै विषय बन्न सकेनन् । किनभने सिमित र निर्णयलाई प्रभाव पार्न सक्ने ठाउँमा बसेकालाई त्यो आवश्यक छैन कि ? आरम्भमै राम्रो पदस्थापन, सरूवा र जिम्मेवारी पाएका केही कर्मचारीका लागि तलब होइन, सुविधा र अवसर नै पर्याप्त भएर हो कि । तलब बढ्नु र नबढ्नुसँग चासो देखिँदैन । तर, बहुसंख्यक कर्मचारीहरू भने निरन्तर आर्थिक अभावको चक्रमा अल्झिएका छन् । उनीहरूका समस्या न त संस्थागत तहमा उठ्छन्, न त नीति निर्माणमै प्रवेश पाउँछन् । अझ गम्भीर कुरा त के छ भने–यस आर्थिक असहजताले कर्मचारीको मनोबल मात्र होइन, सेवाको समग्र गुणस्तरलाई नै छियाछिया पारिरहेको छ । तर यो यथार्थमाथि बहस गर्नुसम्म कोही तयार छैन ।

### उत्प्रेरणा र सामाजिक मर्यादा

कर्मचारीतन्त्र यस्तो संस्था हो जसको आवाज र आकार हुँदैन । आफैंमाथि लागेको आरोपको प्रतिरक्षासमेत मन्त्रीहरूले गर्नुपर्छ भन्ने 'वेबरियन सिद्धान्त' को अवधारणा रहेको छ । सामान्य होस् वा संकटको अवस्थामा कर्मचारीले राज्य प्रति ठुलो योगदान दिएका छन् । द्वन्द्व होस्, भूकम्प होस् ,विपद वा कोभिड संकट जस्तो सुकै परिस्थितमा कर्मचारीहरूले राज्यप्रति अपार योगदान दिएका छन् । नागरिक बस्न नसकेर गाउँ छोड्दै गर्दा, इमान्दार कर्मचारीको कर्तव्य पालनाले सेवा प्रवाह रोकिएन । कोभिडमा नागरिक घरभित्र लुक्दा स्वास्थ्य ,सुरक्षा वा सेवाप्रवाहका क्षेत्रमा कर्माचारी आफ्नो ज्यानको जोखिम मोलेर अटुट सेवा दिइरहे ।अहोरात्र खटेर कर्मचारीले कुनै पनि सुविधाबिना गरेको योगदानको सराहना कुनै उच्च तहबाट भएको सुनिँदैन । प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीले द्वन्दको समयमा कर्तव्य निर्वाह गर्दागर्दै ज्यान गुमाए तर कर्तव्यबाट विमुख भएनन् ।

गत वर्षको बाढीपहिरोले मनाङ जिल्लामा कतिपय सम्पन्न योजनाहरू बगायो । केही योजनाहरू तहस-नहस भए । 'अब के आधारमा भुक्तानी दिने?' भन्ने जटिलताबीच जनप्रतिनिधि र कर्मचारीले सेवा कार्यालय लमजुङ सदरमुकाममा सारेर समेत सेवा प्रवाह जारी राखे । त्यस्तै विपद काभ्रेको रोशी र उपत्यकामै दोहोरियो । निजामती सेवामा व्यवस्थापकीय नेतृत्व गर्ने, जोखिम लिएर निर्णय गर्नुपर्ने, र राजनीतिक नेतृत्वसँग समन्वय गर्ने माथिल्लो तहका कर्मचारीहरूले पनि दबाबमा काम गर्नुपर्दछ । भने, तल्लो तहका हजारमा तलब खाएर लाखौंको काम गर्ने कर्मचारीहरूको पनि आफ्नै प्रकारको तनाव र चुनौती छ ।

इमानदार कर्मचारीले हजारको तलबमा अरबौंको जिम्मेवारी बोक्छ, सिस्टम जोगाउन ज्यान फाल्छ । तर भनसुनले सरुवा मिलाउने, जिम्मेवारी नलिनेहरू न आलोचना हुन्छन्, न कारबाही । यहाँ गल्ती भयो भने इमानदारले नै सजाय भोग्छ–न सुरक्षा, न समर्थन छ । अर्को प्रसंगमा एक दृष्टान्त सम्झिन्छु–एक दिन सहकर्मीको घर गएकी थिएँ । संयोगले आमा र छोरा दुबै भेटिए ।

'अब के गर्ने योजना छ बाबु ?' मैले सोधें ।

'अब विदेश जाने तयारी गर्दैछु, आन्टी,' उसले सहज तर थकित स्वरमा भन्यो । साथीको अनुहार तिर हेरें–त्यहाँ निराशा र लाचारपनाको गहिरो छायाँ थियो । एकमात्र सन्तानलाई मन नहुँदा नहुँदै विदेश पठाउने विवशता, जुन आजकल धेरै आमाबाबुको कथा बनेको छ ।

'यतै लोक सेवा तयारी गर्ने नि,' मैले भनें ।

'के छ र सरकारी जागिरमा ?' उसले गहिरो सास फेर्‍यो, 'न त गृहस्थी चल्ने तलब, न त सम्मानजनक व्यवहार । कार्यालयमा त अनुशासनभन्दा झन्झट बढी छ । न वोर्क फर्म होम छ । हाम्रो क्लेजमा त केही खराब उदाहरण दिनपरे सरकारी कार्यालयको कामलाई दिन्छन् । मलाई त सकभर सरकारी अफिसमा काम लिएर जानु नपरे हुन्थ्यो जस्तो लाग्छ ।अहो त्यहाँ बस्नेहरूको व्यवहार र झन्झटिलो प्रकृया ।'

भविष्य कोर्न तयार जेन्जीको त्यो अनुहारमा गहिरो असन्तोष थियो–किनकि उनीहरू जसले परिवर्तनको सपना देख्छन्, त्यही सिस्टम उनीहरूका चाहनाअनुसार लचिलो, मर्यादित र प्रेरणादायी छैन । सरकारी सेवा उनीहरूको ऊर्जा र आकांक्षासँग मेल खाँदैन, र यही अपूरणीय खाडलको दूरीले देशभित्र सपना देख्न गाह्रो बनाइरहेको छ । यो सन्दर्भले निजामती सेवाको चुनौती, मनोवल र यसप्रतिको सामाजिक दृष्टिकोण प्रस्तुत गर्छ । निजामती प्रशासनमाथि परिणाममुखी नहुने, जनविश्वास गुमाउँदै गएको, समयअनुसार नबदलिने र कर्मचारीमा सकारात्मक सोचको अभाव भएको आरोप लागिरहन्छ । नयाँ पुस्ताले यसप्रति नकारात्मक धारणा बनाउनुमा केही यथार्थहरू पनि जिम्मेवार छन् । तर यसको कारण के हो ? निदान के हो ? समाधान गर्ने जिम्मेवारी कसको हो भन्ने विषयमा चाही पर्याप्त बहस भएको पाइँदैन ।

विकृतिको समाधान नै यसको उपाय हो– सुशासनयुक्त, जवाफदेही, सेवाभावले सिंचित र प्रेरणादायी निजामती संरचना बनेमा मात्र समाजमा यसको सम्मान प्राप्त गर्न सक्छ । आर्थिक वर्ष २०७९/८० को ११ महिनामा ६३५ निजामती कर्मचारीले जागिर छोडेका थिए भनी सागर पण्डित लेख्छन् । भविष्य सुन्दर बनाउने लक्ष्य लिएर निजामती क्षेत्रमा प्रवेश गरेकाहरूले पूरै अवधि जागिर नखाँदै किन बीचैमा छोडे ?

कक्षा १२ का एक विद्यार्थीले २०७९ चैत महिनाको पहिलो साता आफ्नो साथीको सर्टमा लेखेको 'खाडीमा भेटौंला' भन्ने सन्देश लामो समयसम्म चर्चामा रह्यो । यो सन्देश केवल शब्द थिएन, यसले जेन्जी समूहका युवाहरूको भावनालाई दर्शाएको थियो । अनि सेवामा प्रवेश गरेका इमान्दार टिक्नै नसकने र जेन्जी पुस्ता आकर्षित नहुनु निजामती सेवा भित्र भत्काउनु पर्ने जड छ नै । प्रवेश नै कमसल भयो भने सरकारी सेवाको गरिमा कसरि उच्च होला र ? निजामती सेवा विधेयक राज्यव्यवस्था समितिको छलफलको अन्तिम चरणमा पुगेको समाचार आएका छन् । नेपालको संविधान आएपछि यथाशीघ्र बन्नुपर्ने ऐन अब बल्ल पारित हुने तरखरमा छ ।

अन्य सरकारी सेवालाईसमेत निर्देशित गर्ने र सरकारका समग्र कामकारवाहीको कार्यान्वयन गर्ने जिम्मेवारी पाएको निजामती प्रशासनलाई परिचालन गर्ने भएकोले यो कर्मचारीकालागि मात्र नभएर सबैको चासोको विषय बनेको छ । तर ऐन निर्माणको क्रममा नै जोडिएका यी पेचिला प्रश्नको जवाफ खोजिनु जरूरी देखिन्छ । जस्तो हामीले मनोबल गिरेको कि उत्प्रेरित, जोखिममा डराउने कि नेतृत्व गर्न सक्ने, परम्परामा अडिएको कि इनोभेटिभ कर्मचारीतन्त्र खोजेको हो ? के यो ऐनले केवल कर्मचारीको वृत्तिविकास र राजनीतिक चासो व्यवस्थापन गर्ने हो, कि आम नागरिक वा सेवाग्राहीले रोजेको/खोजेकोजस्तै सेवाप्रवाह प्रभावकारी सेवा दिने जनउत्तरदायी प्रशासन बनाउने हो ? सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो–निजामती सेवा अब नविनतम परिवर्तनको नेतृत्व गर्न तयार छ कि फेरि समयभन्दा पछि छुट्नेछ ? यो ऐन समस्याको उपचार मलहममात्र लगाएर उपचार गर्दै छौ कि भविष्यको मार्गचित्र कोर्ने अग्रगामी र स्वप्नदर्ष्टा बन्ने ? यो यतिबेलाको सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो । विधेयकको छलफलका क्रममा थुप्रै पदाधिकारीहरूले निजामती सेवामा कर्मचारीको संख्या बढी भएको तर्क प्रस्तुत गरे । तर के यो धारणा सेवा प्रवाहको वास्तविक अवस्थाको गहिरो अध्ययनपछि आएको हो, वा केवल केन्द्रमा देखिएको दृश्यका आधारमा? सिंगापुरमा १ सरकारी कर्मचारीले औसत ३८ जनाको सेवा गर्छन् –त्यो पनि प्रविधिमैत्री, पारदर्शी,दक्ष र नीतिगत स्थायित्व भएको व्यवस्थामा ।

तर नेपालमा, स्रोतसाधनको अभाव, प्रविधिको सीमितता, ग्रामीण क्षेत्रमा पहुँचको समस्या र संरचनात्मक चुनौतीका बाबजुद एक कर्मचारीले करिब ३७५ जनाभन्दा बढीलाई सेवा दिनुपर्छ । यस्तो सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहको फैलावट, दरबन्दीको वितरण र कर्मचारी-जनसंख्या अनुपातको समग्र विश्लेषण गरेर 'राइट साइजिङ गर्नु आवश्यक छ । तर विडम्बना, एकातिर संगठन बोझिलो भएको भनिन्छ, अर्कोतिर सिमित व्यक्तिको हितमा अध्ययनविहीन निर्णयले सयौं दरबन्दी थपिन्छन्- जहाँ कर्मचारीको माछा बजार जस्तो भिड,जिमेवारी अन्योलमा र सेवा प्रवाह पनि अस्तव्यस्त हुन्छ । निजामती सेवा सुधारका लागि संख्या होइन, सुसंगत संरचना, दक्षता, उत्तरदायित्व र समर्पणको सन्तुलन खोज्न आवश्यक छ–यही हो आजको मूल मुद्दा ।

### अतिरिक्त सचिव र अन्य पेचिला प्रसङ्गहरू

अतिरिक्त सचिवका अवश्य पनि केही राम्रा र केही नराम्रा पक्ष छन् ।अहिले कनिष्ठ सहसचिव पहुच भएमा महानिर्देशक वा प्रमुखकको जिम्मेवारीमा रहने तर सिनियर सहसचिव अरुले जान नचाहेका पदमा काम गर्नुपर्ने अवस्था छ । सचिव आवश्यक नहुने संगठनमा पनि सचिवको दरबन्दी भएकोले सचिवलाई जिम्मेवारी तोक्दा फ्याकिएको महसुस हुने तर सोही पदमा सिनियर सहसचिवलाई अतिरिक्त सचिव दिदा उत्प्रेरित हुने अवस्था हुन्छ । मुख्य सचिवको पदवाहेक शाखा अधिकृत,उपसचिव आदि प्रत्येक दुइ तहमा हुने भएपछि विशिष्ट श्रेणीमासमेत दुइ तह हुनु न्यायसङ्गत हुने तर्क गरिन्छ । द्विपक्षीय वार्ता र अन्य देशसँगको प्रोटोकलमा यसले सहजता ल्याउँछ । मन्त्रालयको शुरू ड्राफ्टमा यो व्यवस्था बीचमा हटाइएको भन्ने भनाइ आएता पनि यसले तल्लो तहदेखि माथिल्लो सोपानसम्मको समग्र कर्मचारीको वृत्ति विकासलाई उत्प्रेरित गर्ने माध्यम बन्न सक्छ । किनभने मनोबल उच्च भएको कर्मचारीतन्त्र आजको आवश्यकता हो । त्यस्तै यो व्यवस्थाले एक अनुभवी,परिपक्व र नेतृत्व क्षमता भएको सचिव तयार गर्न सहयोग पुग्ने देखिन्छ ।

तर अतिरिक्त सचिवको पद सृजना गर्दा आर्थिक भार (अनुमानित ७ करोड वार्षिक) पर्ने, सचिव हुने कर्मचारी अतिरिक्त सचिवको समेत पदावधि जोडिने भएकोले छिटै निवृत्त हुने र अनावश्यक दरबन्दी सृजना हुने जोखिम हुनसक्छ भन्ने अर्को प्रकारका तर्कहरु छन् । यसैले समग्र सेवामा पार्ने प्रभावको मुल्यांकन गरी निर्णय गर्नु उपयुक्त हुन्छ ।

राष्ट्रले प्राप्त गरेको अनुभवलाई सदुपयोग गर्ने दृष्टिकोणबाट कुलिङ पिरियडको व्यवस्थालाई सोचिनु पर्दछ ।परराष्ट्र र कानूनको हकमा लागू नहुने तर अरू सेवालाई लागू हुने तर्क स्पष्ट नहुदा अन्य सेवाकोले विभेदको अनुभूति गर्नु स्वाभाविकै हो ।संघीय सेवामा प्रवेश गरेका कर्मचारीबीच समायोजनको बेला देखिएको विभेद अझै घोचो बनेको छ । २०७६ पछि संघीय ऐन/कानुन नवनाई स्थानीय सेवा र प्रदेश निजामती सेवामा कर्मचारी पदपूर्ति गरिएको छ । मुलभूत पक्षमा प्रस्ट नपर्दा स्थानीय, प्रदेश र संघबीचको अन्तरसरूवा झन् पेचिलो बनेको छ, जहाँ न नीतिगत स्पष्टता छ, न कार्यान्वयनको सजिलो । यसको निकास विधेयकमा समेटिनु पर्दछ ।

राजपत्र अनङ्कित तहका पदका कर्मचारीको वृत्तिविकास र बढुवा व्यवस्थित गर्नुपर्दछ । पेशागत मर्यादा भन्दा बढी सङ्गठनगत हितमा केन्द्रित ट्रेड युनियनहरूलाई ऐनमार्फत पेशाप्रति उत्तरदायी बनाउनु आवश्यक छ । संघीय शासन प्रणालीको स्थायित्व र जनसेवाको प्रभावकारितासँग जोडिएको ऐतिहासिक अवसर आएको छ । विद्यमान विकृति सच्याउँदै, न्यायपूर्ण, सक्षम र प्रेरणादायी संघीय निजामती सेवा बनाउने दिशातर्फ ऐन निर्माणले अग्रगामी कदम चाल्नैपर्छ । निजामती सेवा सुधारको संवेदनशील घडीमा समितिमा छलफल भएको विधेयकले केवल कानुनी ढाँचा मात्र होइन, एक समग्र सुधारको दिशानिर्देशक बन्ने अपेक्षा गरिएको छ । लोकसेवा आयोगले योग्यताको आधारमा सिफारिस संगै पहिलो पदस्थापना गर्ने ।

व्यवस्थित सरुवा, समयसापेक्ष तालिम, तालिम नलिई बढुवा ढिलो गर्नेलाई नकारात्मक सूचीमा राख्ने, समय तोकेर उत्तराधिकार सुनिश्चित गर्ने अतिरिक्त सचिव समय किटान गरेर गर्ने व्यवस्था, जनताको सेवा दिने कर्मचारीको गुनासो सुन्ने प्रभावकारी संयन्त्र, नया पुस्तालाई अवसर दिने गरी वृत्ति विकास स्पष्ट र अनुमानयोग्य बनाउने, प्रतिभा पलायन रोक्न संगठन चलायमान बनाउन खुला प्रतिस्पर्धा यथावत, सचिवको पदावधि र सरुवा व्यवस्थामा पुनर्मूल्याङ्कन गर्ने,सेवामा खटिने कर्मचारिको असहजता, गुनासो र मर्का सुनुवाई गर्ने प्रभावकारी संयन्त्रको व्यवस्था–यी सबै समेटिए एउटा जिम्मेवार, प्रेरित र जनमुखी कर्मचारी तन्त्र निर्माणतर्फको मार्ग खोल्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# निजी मेडिकल कलेजको नाफाका लागि सरकार आफैं एमबीबीएस सिट बढाउन तत्पर



काठमाडौं/सरकारले आफ्नै ऐनलाई लत्याउँदै निजी मेडिकल कलेजलाई पैसा कमाउने उद्देश्यले सिट संख्या थप्न लागिपरेको छ । चिकित्सा शिक्षा आयोगको १८ औं बैठकमा निजी मेडिकल कलेजमा एमबीबीएस, बीडीएसको सिट संख्या बढाउने र शुल्क परिमार्जन गर्नका लागि शिक्षा सचिव डा. दिपक काफ्लेको संयोजकत्वमा ११ सदस्यीय कार्यदल गठन हो । यो निर्णय सिधै ऐन विपरित देखिन्छ ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को आयोगको कार्यकारी समितिको काम कर्तव्य र अधिकारमा दफा ९ को (फ) मा स्पष्ट भनिएको छ, 'विद्यार्थीको सिट संख्या, शिक्षण शुल्क र सम्बन्धनको सम्बन्धी विषयमा आयोगमा समक्ष सिफारिस गर्ने ।' यस्तै, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ को परिच्छेद ५ को नियम २३ को उपनियम १ मा आयोगले समितिको सिफारिसमा चिकित्सा शिक्षाका सबै विधा र कार्यक्रमका लागि शिक्षण शुल्क निर्धारण गर्ने भनेर उल्लेख गरिएको छ । तर यो ऐन लत्याउँदै प्रधानमन्त्री केपी शर्मा ओलीले निजी मेडिकल कलेजलाई पोस्नका लागि छुट्टै कार्यदल गठन गरेका छन् ।

आयोगका पूर्वउपाध्यक्ष डा. श्रीकृष्ण गिरी उक्त कार्यदल ऐन विपरित भएको जिकिर गर्छन् । 'कार्यदल नियमसंगत छैन । आयोग बाहिर गएर सिट बढाउने, शुल्क निधारण गर्न सकिंदैन,' डा. गिरीले संचारकर्मीसँग भने । उक्त कार्यदल गठन गर्नुको पछाडि एउटै मात्र कारण छ - निजी मेडिकल सञ्चालकले स्नातकोत्तर तह (पीजी) अन्तर्गतको एमडी, एमएस र एमडीएसका आवासीय चिकित्सकको निर्वाह भत्ता दिन आर्थिक भार पर्ने देखाएर सिट संख्या बढाउने चलखेल । आयोगको प्रणालीलाई मिचेर कार्यदलको आधारमा सिट निर्धारण गर्न नमिल्ने डा. गिरी दाबी गर्छन् । जबकि सिट संख्या बढाउने आयोगको आफ्नै कार्यविधि छ ।

'सिट बढाउन वा घटाउनका लागि कुनै कार्यदलले मूल्यांकन गर्न मिल्दैन । सिट निर्धारण आयोगको मापदण्ड निर्देशनालयमा भएको समितिले गर्ने हो,' डा. गिरीले भने । शैक्षिक संस्थामा अयोगले अनुगमन टोलि पठाउने गर्छ । त्यहाँ प्राप्त रिपोर्टलाई उक्त टोलिले आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालयमा पेश गर्छन् । उक्त निर्देशनालयमा भएको एक समितिले रिपोर्ट मूल्यांकन गर्दै सिट निर्धारण गर्छन् । उक्त समितिले आयोगको कार्यकारी समितिमा सिट संख्या पेश गर्छ । कार्यकारी समितिले क्षमताको आधारमा कति सिट दिने भन्ने निर्णय गर्छ ।

'आयोगको तोकिएको ऐनको परिधि भित्र यो कार्यदल छैन । निजी मेडिकल कलेज सञ्चालकको भावना अनुसार आयोगले नै सहयोग गरेको जस्तो देखियो,' डा. गिरीले संचारकर्मीसँग भने, 'उनीहरुलाई खुसी पार्न लागि यस्तो निर्णय गरि यो ।' अहिलेको निजी मेडिकल कलेजलाई सिट संख्या र शुल्क बढाउने विषय आवासीय चिकित्सकको निर्वाह भत्तासँग जोडिएको छ । ८ असोज २०८१ मा पोखराको मणिपाल शिक्षण अस्पतालमा एक आवासीय चिकित्सकमाथि भएको आक्रमणको घटनापछि देशभरका चिकित्सक आन्दोलनमा उत्रिएका थिए । यो घटनाले देशभरका स्वास्थ्यकर्मीमा व्यापक आक्रोश फैलियो । आक्रमणको घटना निरन्तर हुन थालेपछि चार हजारको हाराहारीमा रहेका आवासीय चिकित्सक आकस्मिक कक्ष बाहेकका काम छाडेर सडकमा ओर्लिए । आवासीय चिकित्सक संगठनले स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समिति गठन गर्दै कार्यस्थलमा सुरक्षासँगै आफूहरूमाथि भइरहेको श्रम शोषणको मुद्दा उठाए ।

पाँच दिनको आन्दोलन पछि तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठको संयोजकत्वमा भएको वार्तामा ६ बुँदे सहमति भयो । सहमति अनुसार स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिवको नेतृत्वमा चिकित्सकको सुरक्षा र सेवा-सुविधा सम्बन्धी अध्ययन समिति गठन गरेको थियो । निजी मेडिकल कलेजमा अध्ययरत आवासीय चिकित्सकको श्रमशोषण भएको ठहर गर्दै निर्वाह भत्ता सरकारी सरह नै दिनुपर्ने सुझाव डा. टंक बराकोटीको एक कार्यदलले दिएको थियो । आवासीय चिकित्सकको आन्दोलन र दबाबकै कारण २५ माघमा बसेको आयोगको १६ औं बैठकले आवासीय चिकित्सकको निर्वाह भत्ता सरकारी (आठौं तह) सरह नै मासिक ४८ हजार दिनुपर्ने निर्णय गरेको थियो ।

तर उक्त निर्णय मान्न निजी मेडिकल कलेज सञ्चालक तयार भएनन् । सरकारले तोकेकै निर्वाह भत्ता दिने हो भने शुल्क वा सिट संख्या बढाउनुपर्ने सर्त राखे । यसका लागि पीजीकै सिट संख्या बढाउनुपर्ने निजी मेडिकल कलेज सञ्चालकले बारम्बार प्रधानमन्त्री केपी शर्मा ओली लगायतका शीर्ष नेतासँग हारगुहार गरे । तर, चिकित्सा शिक्षा ऐन अनुरुप मापदण्ड अनुसार निजी मेडिकल कलेजका पीजीको सिट बढेनन् । यही बीचमा सरकारले पीजीको सिट संख्या समेत तोकियो । पीजी सिट बढाउन असफल भएपछि निजी मेडिकल कलेज सञ्चालक अर्को बखेडा निकाल्दै पढाउन नसक्ने धम्कीपूर्ण भाषा प्रयोग गर्न थाले । आवासीय चिकित्सकलाई आवासीय चिकित्सकलाई आन्दोलनमा जान समेत उक्साए ।

आन्दोलन थप सशक्त बन्दै गयो । प्रधानमन्त्री ओली आफैंले गरेको निर्णयबाट पछि हट्न सक्ने अवस्था नहुँदा निजी मेडिकल कलेज सञ्चालकले अपनाएको चलखेललाई सहज स्वीकार गरे । निजी मेडिकल कलेजहरूको संस्था एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष डा.ज्ञानेन्द्र कार्कीले सिट १८ औं बैठकबाट प्रधानमन्त्रीले निजी मेडिकल कलेजलाई सहुलियत दिन निर्णय गर्ने बताएका थिए । '१७ औं बैठकमा प्रधानमन्त्रीले तपाईहरूलाई नोक्सान भयो अर्को बैठकमा केही निर्णय हुन्छ भन्नुभएको थियो,' केही हप्ता अगाडी कार्कीले संचारकर्मीसँगको कुराकानीमा भनेका थिए,' अब हामी १८ औं बैठकको निर्णयलाई कुरेर बसेका छौं ।'

नभन्दै निजी मेडिकल कलेजको पक्षमा रहेर प्रधानमन्त्री ओलीले ऐन विपरित रहेर कार्यदल नै गठन गरे । 'यो कार्यदल गठन गर्नुको कुनै औचित्य छैन । सिट संख्या, शुल्क निर्धारण गर्न आयोगको ऐनमा रहेर गर्नुपर्ने हुन्छ,' आयोगका एक उच्च कर्मचारी भन्छन्, ' निजी कलेज सञ्चालकलाई पोस्नका लागि यस्तो निर्णय उचित होइन ।'

### नाफा हेर्दा गुणस्तरहीन जनशक्ति उत्पादन

मेडिकल शिक्षा अध्ययनका लागि विदेशिने विद्यार्थी रोक्न भन्दै सरकारले गत सरकारले आर्थिक वर्ष २०७९-८० मा वर्षको दुई पटक भर्ना गर्ने नीति लिएको थियो । उक्त प्रस्ताव शक्तिकेन्द्रलाई हाता लिएर निजी मेडिकल कलेज सञ्चालकले नै गरेका थिए । आयोगले सिधैं इन्कार गर्दै ६-६ महिनामा भर्ना गर्न नसकिने प्रतिक्रिया दियो । यस्तो निर्णय कार्यावन्यन हुँदा दक्ष जनशक्ति उत्पादन नहुने भन्दै चर्को आलोचना भएपछि सरकार उक्त निर्णयबाट पन्छिएको थियो ।

आर्थिक वर्ष आयोगले २०७९-८० मा त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) अन्तर्गत महाराजगन्ज चिकित्सा क्याम्पसलाई सिट संख्या थप गर्दै सय बनाएको थियो । जबकी ७६ जना विद्यार्थी छात्रवृत्तिमा पढाइरहेको आईओएमले भौतिक पूर्वाधार नभएको भन्दै थप सिट लिने अस्वीकार गरेको थियो । आईओएमकी पूर्व डीन डा. दिव्या सिंह शाह भन्छिन्, 'त्यसबेला कक्षाकोठामा विद्यार्थी बस्ने ठाँउ नभएर थप सिट लिन सकेका थिएनौं ।'

सिट संख्या बढाउनका लागि भौतिक पूर्वाधार, दक्ष शिक्षक देखि बिरामीको आवश्यकता पर्छ । तर अहिलेको अवस्थामा हेर्ने हो भने निजी मेडिकल कलेजसँग अहिले तोकिएको भन्दा थप सिट बढाउने सकिने अवस्था नभएको आयोगकै एक उच्च कर्मचारी भन्छन् । 'अहिले नै जसोतसो गरेर विद्यार्थी पढाइरहेका छन् । यही भौतिक पूर्वाधारमा निजी मेडिकल कलेजलाई सय सिट भन्दा बढी दिनु भनेको पैसा कमाउनुको उदेश्यले मात्रै हो,' आयोगका ती कर्मचारीले भने ।

उनले अगाडी थपे, 'दैनिक दुई हजारभन्दा बढि बिरामी आउने र भौतिक संरचना भएको आईओएमले सय सिटभन्दा बढि लिन मानिरहेको छैन । तर निजीलाई सिट संख्या थप्दा गुणस्तरहीन जनशक्ति उत्पादन हुने निश्चित छ ।' आयोगका पूर्वउपाध्यक्ष डा. गिरी आयोगका तर्फबाट गलत निर्णय भएको बताउँछन् । अहिले सञ्चालन भइरहेका निजी मेडिकल कलेजको क्षमता एमबीबीएसमा १ सय विद्यार्थी पढाउन सक्ने नभएको उनको दाबी छ ।

'अहिले भएको क्षमता अनुसार सिट दिने हो । आयोगले ऐनमा रहेर काम गर्नुपर्छ,' डा. गिरी भन्छन्, 'निजी मेडिकल कलेजलाई नाफा कमाउनका लागि सिट संख्या थप गर्दा त्यसको असर कस्तो हुन्छ भन्ने कुरा आयोगले ध्यान पुर्याउन जरूरी छ ।' किनकि ५० सिट थप हुनेबित्तिकै ५० प्रतिशत पूर्वाधार थप गनुपर्ने उनी बताउँछन् ।

'सिट बढाउनका लागि भौतिक पूर्वाधार मात्रै होइन । बिरामीको उत्तिकै जरूरी हुन्छ । अहिले भइरहेकोमा ५० प्रतिशत थप गर्नुपर्ने हुन्छ,' डा. गिरी भन्छन्, 'बिरामीलाई हेर्न पाएनन् भने दक्ष चिकित्सक नै बन्न सक्दैनन् ।' जनशक्ति उत्पादन मात्र बढाउँदा बेरोजगारी सिर्जना हुने उनी बताउँछन् । माथेमा आयोगको प्रतिवेदन २०७२ ले पनि एमबीबीएसमा सय भन्दा बढी विद्यार्थी पढाउन नहुने निष्कर्ष निकालेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति डा. अर्जुन कार्की बताउँछन् ।

'त्यसबेला जनशक्ति गुणस्तरहीन उत्पादन भएसँगै १५० को सिटलाई १०० मा झारिएको थियो,' डा.कार्कीले संचारकर्मीसँग भने, ' विद्यार्थीले परीक्षा त पास गरे तर दक्षता हासिल गर्न सकेनन् ।' डा. कार्कीले अगाडी थपे, 'निजी मेडिकल कलेज सञ्चालकको उद्देश्य नै नाफा कमाउने हुन्छ । चिकित्सा शिक्षाको गुणस्तरमाथि ठूलो प्रश्न उब्जिन्छ । झन् उत्पादन बढाउने हो भने बेरोजगारी सिर्जना हुने अवस्था आउन सक्छ ।'

चिकित्साशास्त्र अध्ययन संस्थानका एक पूर्वडीन निजी मेडिकल कलेजले पाएको एमबीबीएसको १०० कोटा पनि बढी भएको दाबी गर्छन् । 'निजी मेडिकल कलेजसँग एमबीबीएस सय सिट बढाउने पनि भौतिक पूर्वाधार छैन, 'ती पूर्वडीन भन्छन्, 'निजी मेडिकल कलेजको ब्ल्याकमेलिङ र राजनीतिक नेतत्वको मिलेमतो मात्रै हो ।' यस्तो निर्णयले स्वास्थ्य सेवामा गुणस्तरमा ठूलो असर पार्ने उनको दाबी छ ।

'विद्यार्थीको गुणस्तरसँग कसैलाई सरोकार छैन । यस्ता निर्णयले भोलिका दिन गुणस्तरहीन जनशक्तिको उत्पादन हुन्छ,' ती डीन भन्छन्, 'अहिले नै गुणस्तर खस्किरहेको अवस्थामा त्यही भौतिक पूर्वाधारमा सिट बढाउँदा जनशक्ति कस्तो उत्पादन होला ।' सिट बढाउनुपर्ने कुनै पनि औचित्य नभएको उनी दाबी गर्छन् ।

'एमबीबीएस पढाउन भौतिक पूर्वाधार, ओपीडीमा आउने बिरामीको संख्या, प्राध्यापक कम छन्,' ती डीन भन्छन्, 'अहिलेको मापदण्डमा हेर्दा १०० विद्यार्थी नै धेरै हो । यो त सरासर पैसा खाने बाटो मात्रै हो ।' ती डीनका अनुसार अहिले निजी मेडिकल कलेजबाट उत्पादन भएका विद्यार्थीलाई सामान्य सीप समेत जानेका छैनन् । 'मेडिकल काउन्सिलले लिएको लाइसेन्स परीक्षामा सीपको परीक्षण गर्ने हो भने १० प्रतिशत पनि पास हुँदैनन्' ती डीन भन्छन्, 'आकस्मिक कक्षमा सीपीआर देखि सुई हाल्न समेत सीप समेत छैन ।'

चिकित्सा शिक्षा आयोगका अनुसार, यस वर्ष सरकारी र निजीमा गरेर एमबीबीएस लगायतका विषयमा २ हजार १४० कोटा तोकिएको छ । आयोगले प्रत्येक निजी मेडिकल क्लेजलाई एमबीबीएस पढाउन १०० सिट दिँदै आएको छ । देशभर १७ निजी मेडिकल कलेजमा एमबीबीएसमा मात्र वार्षिक १७ सय विद्याथी नयाँ भर्ना हुन्छन् । एक विद्यार्थी बराबर काठमाडौंभित्र ४२ लाख र काठमाडौंबाहिर ४५ लाख रूपैयाँ शुल्क तोकेको छ । अहिले निजी मेडिकल सञ्चालकले एमबीबीएसको ५० बढाउनका लागि चलखेल गरिहेका छन् ।

निजी मेडिकल कलेजले ५० जना थपिँदा प्रतिविद्यार्थी ४६ लाखले हिसाब गर्दा २३ करोडभन्दा बढी रकम थप उठाउनेछन् । यसैका लागि सिट बढाउने र बाँड्ने चलखेल भइरहेको छ । निजी मेडिकल कलेजहरूको संस्था एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेजका अध्यक्ष डा. ज्ञानेन्द्रमान सिंह कार्की पीजीमा देखिएको समस्यालाई हल गर्ने बाटोको रूपमा एमबीबीएस, बीडीएसको सिट र शुल्क पुनरावलोकन गर्ने निचोडमा पुगेको बताए । 'यही अवस्थामा आवासीय चिकित्सकलाई निर्वाह भत्ता दिन सक्दैनौं । पीजीमा सम्भव नहुने हो भने एमबीबीएसमा विद्यार्थी संख्या बढाउनुपर्ने वा शैक्षिक शुल्क बढाउनुपर्ने हाम्रो माग हो,' डा. कार्कीले भने ।

उनले अगाडि थपे, 'पीजीमा पढ्ने आवासीय चिकित्सकलाई आर्थिक सुनिश्चितता गर्न विदेशी विद्यार्थी पढाउन थप सिट दिनुपर्छ । त्यसलै पीजी गर्ने चिकित्सकलाई पारिश्रमिक दिन सकिन्छ ।' 'भौतिक पूर्वाधार, ओपीडीमा आउने बिरामीको संख्या नै पर्याप्त नहुँदा सिट बढाउन लाग्नु मोलमोलाइको विषय भयो भन्ने प्रश्नमा डा. कार्की भन्छन्, 'बढाउन सकिंदैन भन्ने आधार नै छैन । १५० सिट बढाउनका लागि कुनै नियम, कानुनले रोक्दैन ।'

बुधबार आयोगले बनाएको कार्यदलले सुझावको आधारमा निर्णय गर्न १५ वैशाखको लागि आयोगले अर्को बैठक समेत डाकेको छ । सरकारले निर्णय गरेको दुई महिना बितिसक्दा पनि मेडिकल कलेजले सरकारी सरह निर्वाह भत्ता दिन अस्वीकार गरेपछि १७ वटा मेडिकल कलेजका दुई हजारभन्दा बढी आवासीय चिकित्सक सडक आन्दोलनमा उत्रिएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# ग्रामीण चलचित्र महोत्सवमा 'अञ्जिला' बन्यो उत्कृष्ट फिल्म



काठमाडौं/ग्रामीण कथावस्तुमा बनेका फिल्मको प्रवर्द्धन गर्ने उद्देश्यले २०७९ सालदेखि आयोजना हुँदै आएको ग्रामीण चलचित्र महोत्सवको चौंथो संस्करणमा 'अञ्जिला' उत्कृष्ट फिल्म घोषित भएको छ । शनिबार महोत्सवको समापन समारोहमा फिलमका निर्माता तथा कलाकार प्रेम कुमार श्रेष्ठले अवार्ड ग्रहण गरे । सोही फिल्मबाट मिलन चाम्सले पनि उत्कृष्ट निर्देशकको अवार्ड हात पारेका छन् ।

बैशाख ४ गतेदेखि ६ गतेसम्म रसुवाको गोसाइँकुण्ड गाउँपालिकामा आयोजना भएको महोत्सवमा 'बोक्सीको घर'ले सर्वाधिक तीन विधामा अवार्ड प्राप्त गर्‍यो । यो फिल्मबाट केकी अधिकारीले उत्कृष्ट अभिनेत्री, शिवराम श्रेष्ठले उत्कृष्ट छायाँकार र मनोज श्रेष्ठले उत्कृष्ट भिजुअल इफेक्ट्स (भिएफएक्स)को अवार्ड जित्न सफल भएका हुन् ।

त्यस्तै, 'ज्वाइँ साब'बाट जितु नेपालले उत्कृष्ट अभिनेताको अवार्ड प्राप्त गर्दा 'पूजार सार्की'बाट प्रदीप खड्काले जुरीतर्फ उत्कृष्ट अभिनेताको अवार्ड जितेका छन् । सोही फिलमबाट भरत रेग्मीले उत्कृष्ट सम्पादकको अवार्ड प्राप्त गरे भने ऋषिराज आचार्यले 'द्रौपदी'बाट जुरी मेन्सन अवार्ड र 'ज्वाइँ साब'बाट बसन्त निरौलाले जुरी अवार्ड पाएका छन् ।

महोत्सवमा उत्कृष्ट म्युजिकल सर्ट फिल्म 'प्याकुली', उत्कृष्ट कल्चर फिल्म 'आप्लेगा नाम्सा', उत्कृष्ट सर्ट फिल्म 'म कमरेड' र उत्कृष्ट डकुमेन्ट्री 'माझी' घोषित भए । 'प्याकुली'बाट रोनिस खड्कालाई प्रोत्साहन अवार्ड प्रदान गरियो । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी लगायतले अवार्ड वितरण गरेका थिए ।

महोत्सवमा लामा-छोटासहित २२ वटा फिल्म प्रदर्शन गरिएको थियो । 'अञ्जिला' त र सुवाको धुञ्चेको बीच बजारको सडकमै प्रोजेक्टरमार्फत् देखाइएको थियो, जहाँ ठूलो संख्यामा स्थानीयहरु सहभागी थिए । 'आफ्नै गाउँ, आफ्नै ठाँउ, आफ्नै भाषा, आफ्नै चलचित्र' भन्ने मूल नाराका साथ यो महोत्सव ग्रामीण क्षेत्रहरुमा आयोजना हुँदै आएको छ । यसका अध्यक्ष रघुनाथ सापकोटा हुन् ।

# के छ 'महाभोज'को दुई नयाँ पोस्टरमा ?




काठमाडौं/निर्देशक दिनेश राउतले 'पूजार सार्की'पछि फेरि एकपटक मल्टीस्टारर फिल्म बनाएका छन् । त्यो फिल्म हो, 'महाभोज' । यसमा आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत लगायतको मुख्य भूमिका छ । 'स्टारकास्ट'कै कारण चर्चामा रहेको यो फिल्म गणतन्त्र दिवसको अवसर पारेर आगामी जेठ १५ गतेदेखि प्रदर्शनको तयारीमा छ ।

गत फागुनमा फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै निर्माण टिमले फिल्मको प्रचार सुरु गरेको थियो । आइतबार दुई नयाँ पोस्टर सार्वजनिक गरिएको छ । जसमा फिल्मका मुख्य कलाकारहरु चित्रित छन् । दुवै पोस्टरमा दयाहाङलाई खुसी भावमा देख्न सकिन्छ भने आर्यनको गेटअपले नेताको झल्को दिन्छ । अरु कलाकारहरु कोही निराश त कोही भावुक मुद्रामा देखिएका छन् ।

सार्वजनिक दुईमध्ये एउटा पोस्टरको पृष्ठभूमिमा एक हजारको नोट राखिएको छ भने दोस्रो पोस्टरमा ग्रामीण परिवेश देख्न सकिन्छ । यसले फिलममा राजनीतिक र सामाजिक प्रतिविम्ब रहेको संकेत गर्छ । दुई चरणको पोस्टरपछि अब यही बैशाख ९ गते फिल्मको टिजर सार्वजनिक गर्ने तयारीमा निर्माण टिम रहेको छ ।

निर्देशक राउतले 'महाभोज'मा मनोरञ्जनसँगै दर्शकलाई सोच्न बाध्य बनाउने कथा रहेको बताए । उनले भने, 'समाजमा भइरहेका घटनाक्रम र त्यसले जनताको जीवनमा पार्ने असरलाई यस फिल्ममा उजागर गर्ने प्रयास गरेको छु ।' निर्देशनको हिसाबले यो उनको आठौं फिल्म हो । उनको पछिल्लो रिलिज फिल्म 'पूजार सार्की' सुपरहिट भएको थियो ।

यसमा वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने, आभा अर्याल, वीरेन्द्र सिंह कुशवाह लगायतको अभिनय छ । विकास सुवेदीको लेखन रहेको फिल्मका निर्माता हिमाल कडरिया र कार्यकारी निर्माता किरण नेपाली हुन् । निर्माण पक्षका अनुसार फिल्मलाई नेपालसँगै नेपालीहरू बसोबास गर्ने प्राय: सबै मुलुकमा एकसाथ प्रदर्शन गरिनेछ ।

# 'कार्की साइँला'मा जितुको जोडी बन्दै वर्षा

काठमाडौं/गत वर्ष प्रदर्शनमा आएको फिल्म 'छक्का पञ्जा ५'को सफलतापछि अभिनेत्री वर्षा सिवाकोटी एकपछि अर्को फिल्ममा आबद्ध भइरहेकी छन् । यतिबेला फिल्म 'मागने राजा'को छायांकनमा व्यस्त रहेकी उनले आफ्नो 'लाइनअप'मा अर्को एक फिल्म थपेकी छन् । उनले यसै साता फिल्म 'कार्की साइँला' सम्झौता गरेकी हुन् ।

फिल्ममा यसअघि नै मुख्य भूमिकामा अभिनेता जितु नेपाल अनुबन्ध भइसकेका छन् । उनको जोडीको रुपमा वर्षा भित्रिएकी हुन् । फिल्ममा उनीहरुको यो पहिलो सहकार्य हुनेछ । निर्देशक राजेन्द्र बस्नेतले फिलमका लागि बाँकी कलाकार केही दिनमा छनोट गरेर छायांकन सुरु गरिने जानकारी दिए ।

कर्ण बहादुर फिल्म्सको व्यानरमा निर्माण हुन लागेको फिल्मको प्रस्तुतकर्तामा कृष्ण भगत चाम्लिङ छन् भने निर्माता बालकुमार राई हुन् । कार्यकारी निर्मातामा राजु श्रेष्ठ छन् । फिल्मले ग्रामीण जीवनको कथा भन्नेछ । भुइँमान्छेको कथालाई फिल्ममा प्रस्तुत गरिने जनाइएको छ । फिल्ममा जितुले भरिया (भारी बोक्ने व्यक्ति)को भूमिकामा अभिनय गर्नेछन् ।

डम्बर बहादुर राईको छायांकन रहने फिल्ममा उनी स्वयंको कथा छ भने अजित लामिछानेको पटकथा तथा संवाद लेखन छ । यसमा जीवननाथ गौतमको गीत समावेश हुनेछ । फिल्मको छायांकन कोशी अञ्चलमा पर्ने पहाडी जिल्ला धनकुटामा गरिनेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राप्रपाका सांसद धवल शमशेर राणा हाजिरी जमानीमा छुटे

काठमाडौं/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद धवल शमशेर राणा हाजिरी जमानीमा छुटेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंले उनलाई आइतबार राती हाजिरी जमानीमा छोडेको प्रहरी परिसर काठमाडौंका एसएसपी विश्व अधिकारीले बताए । राणालाई उपचारका लागि सरकारी वकिल कार्यालयको सहमतिमा हाजिर जमानी गर्ने शर्तमा परिवारको जिम्मा लगाइएको एसएसपी अधिकारीले बताए ।

उनले भने, ' उहाँको मुखमा क्यान्सर भएकाले उपचारका लागि भनेर हाजिर जमानीमा श्रीमतीको जिम्मामा छाडैका हौं ।' गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनका क्रममा राज्य विरुद्धको कसुर अन्तर्गत उनलाई प्रहरीले पक्राउ गरेको थियो । उनीसहित वरिष्ठ नेता रवीन्द्र मिश्रलाई पनि प्रहरीले पक्राउ गरेको थियो ।

राप्रपाका महामन्त्रीसमेत रहेका राणा क्यान्सर सर्भाइभर हुन् । उनले करिब तीन महिनासम्म भारतको टाटा क्यान्सर अस्पतालमा उपचार गराएका थिए । उपचार गराएर गत पुसको दोस्रो साता मात्रै उनी काठमाडौं फर्केका थिए । त्यतिबेला उनले सामाजिक सञ्जालमा लेखेका थिए, 'अन्तत: म भोलि काठमाडौं फिर्ता हुनेछु ! तीन महिनाको लामो उपचारपश्चात् म निको भएको छु । आगामी दिनमा म मेरो पूर्वनिधारित कार्यक्रमहरूमा सरिक हुने नै छु । सम्पूर्ण परिवारजन, आफन्त, शुभेच्छुक एवं पार्टीका सम्पूर्ण साथीहरूप्रति धन्यवाद तथा आभार व्यक्त गर्दछु ।'

क्यान्सर जितेर फर्केको करिब ३ महिनापछि राणा अहिले प्रहरी हिरासतमा छन् । उनै राणालाई उपचार गराउन भारत लैजान सरकारले नदिएको भन्दै संयुक्त जनआन्दोदन समितिका प्रवक्ता स्वागत नेपालले शुक्रबार एक विज्ञप्ति समेत निकालेका थिए ।

'भारतको मुम्बईमा फलोअपका लागि जान नदिने षडयन्त्रमा सरकार लागेकोमा आपत्ति प्रकट गर्दै त्यसतर्फ उपचारका लागि पठाउन जोडदार माग गर्दछौं,' नेपालले विज्ञप्तिमा उल्लेख गरेका थिए । १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको राजावादी प्रदर्शन हिंसात्मक बनेपछि उनी पक्राउ परेका थिए । उनको गत सोमबार र मंगलबार जिल्ला सरकारी वकिलको कार्यालयमा बयान समेत लिइएको थियो ।

उनीविरुद्ध राज्यविरुद्धको कसुर अन्तर्गत राजद्रोह र संगठित अपराधको कसुरमा म्याद लिएर अनुसन्धान भइरहेको छ । मुलुकी अपराध संहिता ऐन, २०७४ को परिच्छेद १ मा राज्यविरुद्धको कसुर सम्बन्धी व्यवस्था छ । राज्य विरुद्धको कसुर अन्तर्गतको राजद्रोहको कसुरमा उनीहरूमाथि अनुसन्धान भइरहेको छ ।

संहिताको दफा ५० राजद्रोहको कसुरबारे उल्लेख छ । जसमा 'नेपाल सरकार वा संवैधानिक संरचनालाई पल्टाउने नियतले कसैले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गर्न वा हतियार सहित सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्न वा त्यस्तो षडयन्त्र वा उद्योग गर्न वा गराउन वा दुरुत्साहन गर्न हुँदैन,' उल्लेख गरिएको छ । यदि कसैले यस्तो कसुर गरेमा भने २५ वर्षसम्म कैद सजाय हुने व्यवस्था संहितामा उल्लेख छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका तर्फबाट दुर्गा प्रसाईं र ८६ वर्षीय पूर्वपञ्ज नवराज सुवेदी समेतले संयुक्त रूपमा प्रदर्शन गरेका थिए । त्यसको कमान्डर भने प्रसाईंलाई बनाइएको थियो । यो प्रदर्शन हिंसात्मक बनेपछि कीर्तिपुरका सविन महर्जन र पत्रकार सुरेश रजकको ज्यान समेत गएको थियो ।

# बागमती प्रदेश सरकारले बनाएर लागु गरेको ट्याक्सीको मापदण्ड

साझाकुरा संवाददाता

हेटौंडा, ७ बैशाख/ संवैधानिक व्यवस्थाअनुसार आफ्नो सीमाभित्रको यातायात क्षेत्रको कानून बनाएर लागु गर्ने तथा नियमन गर्ने अधिकार प्रदेश सरकारलाई छ ।

यसैअनुसार बागमती प्रदेश सरकारको श्रम रोजगार तथा यातायात मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट २०७८ मा ट्याक्सीको नयाँ मापदण्ड स्वीकृत भएको थियो । बागमती प्रदेश सरकारले २०७५ मा प्रदेश यातायात ऐन बनाएर त्यसैका आधारमा ट्याक्सीको नयाँ मापदण्ड बनाएको थियो । यातायात व्यवस्था विभागले २०७६ मंसिरमै ट्याक्सीको नयाँ मापदण्ड ल्याएको थियो । यो मापदण्ड कार्यान्यवन नगरी बागमती प्रदेश सरकारले आफ्नै मापदण्ड ल्याएको थियो ।

बागमती प्रदेश सरकार श्रम रोजगार तथा यातायात मन्त्रालयले जारी गरेको विद्युतीय ट्याक्सी मापदण्डअनुसार २० किलोवाट आवरको ब्याट्री क्षमत वा त्योभन्दा बढी क्षमता भएका विद्युतीय कार ट्याक्सीका रुपमा सञ्चालन हुन पाउने छन् । प्रदेश सरकारले साधारण र विशेष प्रकृतिको गरी दुई प्रकारका विद्युतीय ट्याक्सी दर्ता गर्न पाइने व्यवस्था गरेको थियो । साधारण विद्युतीय ट्याक्सीमा २० किलोवाट आवर वा त्यो भन्दा बढीको लिथियम आयन ब्याट्री, ३० किलोवाट वा त्योभन्दा बढी मोटर पावर भएको सेडान कार हुनुपर्नेछ । त्यस्तै कारको ग्राउन्ड क्लियरेन्स १ सय ७० एमएम वा त्यो भन्दा बढी हुनुपर्नेछ ।

ट्याक्सीका रुपमा प्रयोग हुने विद्युतीय कारले एक पटकको फुल चार्जमा न्युनतम २ सय १० किलोमिटर रेन्ज दिनुपर्नेछ । प्रदेश सरकारले ल्याएको विशेष प्रकृतिको विद्युतीय ट्याक्सीमा दर्ता हुने कारले एकपटकको फुल चार्जमा न्यूनतम २ सय ७५ किलोमिटर रेन्ज दिनुपर्ने छ । यो प्रकृतिको विद्युतीय ट्याक्सीमा प्रयोग हुने ब्याट्री लिथियम आयन हुनुपर्ने र यसको क्षमता ४० किलोवाट आवर वा त्योभन्दा बढी हुनेपर्ने छ । त्यस्तै मोटर पावर भने ५० किलोवाट वा सोभन्दा बढी हुनुपर्ने छ ।

डिलक्स विद्युतीय ट्याक्सीको ग्राउन्ड क्लियरेन्स भने १ सय ७५ एमएम वा सोभन्दा बढी हुनुपर्ने छ । साधारण विद्युतीय ट्याक्सीको सिट क्षमता ५ सिट र विशेष प्रकृतिको (डिलक्स) विद्युतीय ट्याक्सीको सिट क्षमता ५ देखि ७ हुनुपर्ने छ । प्रदेश सरकारले २० वर्ष पूरा गरेका पेट्रोल ट्याक्सीलाई स्क्राप गरी विद्युतीयमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको थियो । १५ वर्ष पूरा गरेका पेट्रोल ट्याक्सीले पनि स्क्राप गर्न चाहेमा विद्युतीय बनाउन सकिने व्यवस्था बागमती प्रदेश सरकारले गरेको छ ।

विद्युतीय ट्याक्सीको छतमा अनिवार्यरुपमा डिजिटल डिस्प्ले बोर्ड तथा मिटर जडान गर्नुपर्ने छ । डिजिटल डिस्प्ले मन्त्रालयले जारी गरेको मापदण्डको अनुसूचीमा तोकिएअनुसार हुनुपर्ने छ । विद्युतीय ट्याक्सीको भाडा प्रदेश मन्त्रालयले तोकेअनुसार हुनेछ । पूर्वाधार तथा चार्जिङ स्टेसन निर्माणका लागि आयातकर्ता कम्पनीकाले प्रदेश मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र सम्बन्धित स्थानीय तहको स्वीकृति लिनु पर्नेछ ।

यातायात व्यवस्था विभागले २०७६ मा ल्याएको नयाँ ट्याक्सी मापदण्ड पन्छाएर बागमती प्रदेश सरकारले ट्याक्सीको आफ्नै नयाँ मापदण्ड ल्याएको थियो । संघीय सरकारले सार्वजनिक यातायातको विद्युतीकरणलाई प्राथमिकता दिने मूल नीति लिएको भएपनि कार्यान्वयनको पक्ष फितलो देखिएको छ । सरकारले विद्युतीय सवारी आयातमा कर सहुलियत दिँदै आएको छ । तर, त्यही संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आफ्नै नीतिविपरित हुनेगरी पेट्रोल ट्याक्सी पनि दर्ता गर्न पाइनेगरी मापदण्ड जारी गरेको छ ।

बागमती प्रदेश सरकारले २०७८ सालमै आफ्नो प्रदेश सीमाभित्र सञ्चालन गर्नेगरी ट्याक्सीको मापदण्ड ल्याएको थियो । मापदण्डमा विद्युतीय ट्याक्सीमात्र दर्ता गर्न पाइने स्पष्ट व्यवस्था रहेको छ । सोहीअनुसार हाल बागमती प्रदेमा २० वर्ष पूरा भएका ट्याक्सीको सट्टा नयाँ दर्तामा विद्युतीय ट्याक्सी नै दर्ता हुँदै आएका छन् ।

# राक्सिराङमा स्वास्थ्य बीमाबाट उपचारसेवा सुरु

साझाकुरा संवाददाता



हेटौंडा, ७ बैशाख/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा रहेको अस्पतालमा स्वास्थ्य बीमाबाट उपचारसेवा सुरु गरिएको छ ।

चेपाङ र तामाङ समुदायको बाहुल्य रहेको यो गाउँपालिकामा पहिलोपटक स्वास्थ्य बीमासेवा सुरु गरिएको हो । राक्सिराङ-५, ठाडेचुरी स्थित राक्सिराङ आधारभूत अस्पतालमा स्वास्थ्य बीमासेवा सुरु भएसँगै स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएकाले सहुलियतमा स्वास्थ्य सेवा पाउने भएका छन् । स्वास्थ्य बीमा कार्यक्रमको शुभारम्भमा गाउँपालिका अध्यक्ष राजकुमार मल्लले स्वास्थ्य बीमामार्फत् सेवाग्राहीले प्राप्त गर्ने स्वास्थ्यसेवा अब राक्सिराङ आधारभूत अस्पतालबाट पाउने बताए । एनले आर्थिक अभाव भएकै कारण सामान्य स्वास्थ्यसेवा पाउनबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य हुने भन्दै विपन्न समुदायको स्वास्थ्य बीमा गराउन पालिकाले सहयोग गर्ने उल्लेख गरे ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेतले स्वास्थ्य बीमा कार्यक्रमको दिगोपनामा जोड दिए । कार्यक्रममा गाउँपालिकाको स्वास्थ्य शाखाप्रमुख विजय कापरीले गाउँपालिकाले चालु आर्थिक वर्षमा नौ सय परिवारको स्वास्थ्य बीमा गराउने लक्ष्य लिएको वडा नं. १, २ र ४ का गरी तीनवटा वडाका दुई सय परिवार पालिका मार्फत् बीमा कार्यक्रममा आबद्ध भएको जानकारी दिएका छन् । बीमा कार्यक्रममा आबद्ध हुने परिवारलाई पालिकाले ७५ प्रतिशत अनुदान र लाभग्राहीले २५ प्रतिशत योगदान गर्नुपर्ने बताउँदै उनले अनुदानसमेत उपलब्ध गराएको जानकारी दिए । बीमा कार्यक्रमबाट चेपाङलगायतका विपन्न समुदाय लाभान्वित हुने उनको भनाइ छ ।

प्रतिपरिवार तीन हजार पाँचसय रुपैयाँ तिरेर बीमा कार्यक्रममा आबद्ध भएपछि पाँच जनासम्मको परिवार भएकाले वार्षिक एक लाख रुपैयाँसम्मको स्वास्थ्यसेवा पाउने व्यवस्था रहेको छ । एक जना चिकित्सकको दरबन्दी रहेको यो अस्पतालमा बीमासेवा शुभारम्भसँगै एक्सरे मेसिन, खानेपानी परीक्षण लघु प्रयोगशाला सञ्चालनमा ल्याइएको छ । अस्पतालमा सुविधासम्पन्न प्रयोगशाला सेवा, अन्तरङ्ग तथा बहिरङ्ग सेवा, फार्मेसी लगायत सुविधा रहेका छन् ।

*"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो"*

## ार्दिक समवेदन



जन्मः २०३८/१०/०६

स्वर्गारोहणः २०८१/१२/२७

**स्व: कमला अधिकारी**

यस हेटौंडा उपमहानगरपालिका ३ नं. वडा कार्यालयमा सहयोगीको रुपमा कार्यरत् **कमला अधिकारी**ज्यूको असामयिक निधनले हामीलाई अत्यन्तै दुःखी र मर्माहत् भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछौं ।

ढलकबहादुर थापा (वडा अध्यक्ष)

एवम्

**हेटौंडा उपमहानगरपालिका ३ नं. वडा समिति**
**जनप्रतिनिधि तथा कर्मचारी, परिवार**

## श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८२/०१/०७ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- राम बहादुर पुलामीको हकमा विवाहित छोरीहरु मखमली पुलामी मगर समेत-२ जना (लिने)* *जग्गावाला- चेत नाथ रेग्मी (दिने)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ बस्ने चेत नाथ रेग्मीको नाममा सर्वे नाप नक्सा भएको जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ५ का तपशिल बमोजिमका जग्गा र.नं. १५३८ मिति २०३४/११/२० को पारित राजिनामा लिखतबाट सनमानको नाती हस्त बहादुरको छोरा राम बहादुर थापा मगरले खरिद गरी लिएकोमा सो पारित लिखत बमोजिमको मौजे हटिया माडी को रै.नं. ४७ को ज.वि. ०-०-१६ जग्गा तथा हाल सर्वे नाप नक्सा भएको कि.नं. ४७८ को क्षेत्रफल ज.वि. ०-२-१ पूरा जग्गा खरिदकर्ता राम बहादुर थापा मगर मिति २०६६/०२/०६ मा मृत्यु भईसकेको र निजको हकखाने निजको एक मात्र पत्नि राम कुमारी पुलामी पनि मिति २०४८/०८/१५ मा मृत्यु भईसकेकोले निजहरुको शेषपछि हकखाने कुनै छोराहरुको जायजन्म नभई दुई विवाहित छोरीहरु जेठी- निर्मला देवी थापा मगर र कान्छी- मखमली पुलामी मगर-१ मात्र भएको र जग्गा खरिदकर्ता राम बहादुर थापा मगर र हाम्रो बुवा राम बहादुर पुलामी मगर फरक-फरक नाम उल्लेख भएतापनि एउटै व्यक्ति भएको र जग्गा खरिद कर्ता राम बहादुर थापा मगर र निजकी पत्निको मृत्यु अगाडिको पालनपोषण तथा मृत्यु पछाडिको काजकृया समेत हामी हकदार विवाहित छोरीहरुले नै गरेकोले हामी हकदारहरु निर्मला देवी थापा मगर र मखमली थापा मगरको नाममा संयुक्त छुट जग्गा दर्ता दा.खा./नामसारी गराईपाउँ भनि मकवानपुरगढी गाउँपालिका २ नम्बर वडा कार्यालयको च.नं. ५५३ मिति २०८१/०८/२३ को हकदार खुलेको छुट जग्गा दर्ता दा.खा. नामसारी सम्बन्धी सिफारिस पत्र, च.नं. ७६१ मिति २०८१/११/०१ को हकभोग खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, राजिनाम पारित लिखत, मृत्यु दर्ता प्रमाण पत्र, नाता प्रमाणित प्रमाण पत्र, साविक भोग लगत तथा फिल्डबुक उतार समेत संलग्न राखी द.नं. ०८५ मिति २०८१/०८/२३ बाट माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकहरुको नाममा छुट जग्गा दर्ता,दा.खा./नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता, दा.खा. नामसारी गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा फरक-फरक थर भएको व्यक्ति फरक-फरक भए वा खरिद कर्ता तथा निजको पत्निको पालनपोषण तथा काजकृया हकदार/निवेदक बाहेक अरु कसैले गरेको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | चेत नाथ रेग्मी गा.पं. हटिया वडा नं. ६ बुवा-..... बाजे-..... | हटिया | ५ | ४८९ | ०-२-१ | राम बहादुर थापा मगरको हकदार- मखमली पुलामी मगर र निर्मलादेवी थापा मगर | जिल्ला मकवानपुर फापर पं, मौजे-हटिया माडी, रैनं. ४७ को जग्गाधनी चेत तथा उपाध्याय रेग्मी । |

*ईति संवत २०८२ साल बैशाख महिनाको ०७ गते रोज १ शुभम्..................।*

## वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा

- ☞ श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- ☞ वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- ☞ वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- ☞ भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भरपाई लिऔं,
- ☞ वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिऔं,
- ☞ सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- ☞ नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

